


# Regional Declaration and Recommendations on Deep Regenerative Agriculture

**Regional Conference on Deep Regenerative Agriculture**

6–8 April 2026 | Lumbini Buddhist University, Lumbini, Nepal

**Also Available in Nepali Language**

With Support From

The Rockefeller Foundation

# Regional Declaration and Recommendations on Deep Regenerative Agriculture

Deep Regenerative Agriculture (D-REGAGRI) is a localized holistic approach that extends beyond sustainability and the conventional food system, aiming to restore ecosystems and revitalize agrobiodiversity. It emphasizes the health, diversity, and interconnectedness of soil, water, air, and genetic resources (SWAG) within local contexts. At the same time, it seeks to restore, rebuild and reconnect CRAFTSWALS—Culture, Religious, Agrobiodiversity, Forest Biodiversity, Traditions, Spirituality and astrology, Water and renewable energy, Air and environment, Land, and Social systems—to enhance both human and ecological resilience.

## Preamble

- Recognizing that agriculture extends beyond a food system and serves as a foundation for food, nutrition, health, biodiversity, environmental sustainability, culture, livelihoods, skills, and community well-being.
- Acknowledging that while conventional agricultural systems have increased productivity, they have also contributed to soil degradation, loss of agrobiodiversity, weakened socio-cultural connections, and increased vulnerability to climate change, highlighting the need for a transformative shift in the context of fast-paced development and the triple planetary crisis.
- Affirming that **D-REGAGRI** goes beyond sustainability by not only reducing harm but also restoring ecosystems, revitalizing agrobiodiversity, strengthening communities, and reconnecting people with nature and cultural values, while fostering harmony and peace.
- Emphasizing that regions such as Nepal, India, Burma, and Bhutan, along with the Himalayan landscapes, possess rich agrobiodiversity and Indigenous knowledge systems developed over centuries, positioning them to play a leading role in this transformation.

## Declaration

We, 120 participants from Bhutan, Burma, India and Nepal hereby:

- Recognize that agriculture extends beyond food production and serves as a fundamental pillar for food, nutrition, and health security, as well as environmental sustainability, cultural integrity, livelihoods, belief systems, and community well-being.
- Affirm that agrobiodiversity is the foundation of resilient agricultural systems and essential for ensuring food, nutrition, health, economic, and environmental security.
- Commit to promoting the conservation and sustainable use of agricultural genetic resources through dynamic approaches, including conservation through use, on-farm management, and community-based systems.
- Emphasize the critical role of agrobiodiversity in building climate-resilient, adaptive, and nutrition-sensitive agricultural systems.
- Commit to restoring ecosystem health through regenerative approaches that strengthen the integrity, diversity, and interconnection of soil, water, air, and genetic resources (SWAG);

- Recognize and promote the integration of Indigenous knowledge, traditional practices, cultural values, and scientific innovation to develop locally adapted, nature-positive agricultural systems.
- Affirm the importance of ethical, inclusive, and community-centered agriculture, ensuring equitable participation and benefits for farmers, particularly women, youth, and marginalized groups.
- Ensure fair and equitable sharing of benefits arising from the use of farmers' knowledge, skills, and genetic resources.
- Encourage the development and scaling of diversified, integrated, and site-specific farming systems that enhance resilience, ecological productivity, and long-term sustainability.
- Promote nature-positive and eco-friendly agricultural practices that respect and revitalize local traditions, ecosystems, and cultural heritage.
- Call for strengthened collaboration among farmers, researchers, policymakers, government agencies, development partners, and the private sector to advance **D-REGAGRI** at all levels, while encouraging active youth engagement.
- Support the creation of enabling policy, institutional, and market environments that recognize and incentivize native genetic resources, farmer-led innovation, and regenerative practices.

## Recommendations

To operationalize this vision, we collectively agree on the following actions:

1. Strengthening Local Systems and Conservation Mechanisms
    - Strengthen community seed systems, community gene banks, and field gene banks
    - Establish long-term conservation facilities such as Himalayan Seed Vaults, Mountain Agro-Gene Sanctuaries, Natural Mountain Seed Storage Block, School field genebank and decentralized storage systems (community, school, and research farms)
    - Promote on-farm, in-situ, farm-situ and conservation breeding approaches
    - Encourage circular agriculture integrating crops, livestock, forages, agro-insects, microbes, and aquatic genetic resources
    - Promote conservation through use and nature-based farming practices
    - Strengthen local food systems, resilient value chains, and value addition of regenerative products
    - Promote multi-commodity and multi-household agricultural business systems
    - Strengthen geographical indication (GI) tagging and conservation-linked branding
    - Develop species-specific adaptation strategies rather than uniform approaches

2. Advancing Agrobiodiversity and Innovation
    - Conserve, enhance, and promote native crops, livestock, and genetic resources
    - Promote participatory breeding, evolutionary populations, and broad genetic-based systems
    - Develop and scale site-specific technologies, germplasm, and innovations
    - Promote ecological yield, eco-friendly farming, and nature-positive innovations
    - Strengthen traditional knowledge, cultural practices, and Indigenous innovation systems

3. Research, Education, and Knowledge Systems
    - Promote research and education on D-REGAGRI

- Generate scientific and field-based evidence to support regenerative practices
- Document Indigenous, climate-resilient, and regenerative practices across communities
- Develop training curricula, manuals, and knowledge materials in local languages
- Integrate D-REGAGRI into academic programs (eg, at Lumbini Buddhist University and other regional institutions)
- Conduct system-based studies on agroecosystems, pastoral systems, biodiversity, and associated risks
- Assess impacts of climate and socio-economic changes (e.g., youth migration) on farming systems
- Integrate science, technology, and Indigenous knowledge in farming system redesign

4. **Enabling Policy and Institutional Support**
   - Integrate D-REGAGRI into national and regional policies
   - Identify policy gaps and develop supportive frameworks for native genetic resources and farmer-led innovation
   - Promote enabling regulations for local seeds, technologies, and products
   - Ensure fair market access and value for regenerative and local products
   - Strengthen coordination among government levels, communities, and institutions
   - Build capacity of public systems for agriculture, livestock, and water management services
   - Position academic and research institutions as knowledge hubs
   - Encourage transboundary cooperation among Nepal, Tibet, and India for climate data, disease tracking, and fair trade
   - Promote direct market linkages between producers and consumers (eg, local farmers' markets such as Raithane Haat Bazaar)

5. **Promoting Nature-Positive and Regenerative Practices**
   - Scale up Agroecology, regenerative agriculture, and integrated farming systems
   - Restore soil health, water cycles, air quality, and biodiversity
   - Encourage low external input and eco-friendly agriculture
   - Promote landscape-level ecosystem restoration

6. **Capacity Building, Partnerships, and Regional Collaboration**
   - Strengthen the capacity of farmers, institutions, and practitioners
   - Foster regional collaboration among Nepal, India, Bhutan, and beyond
   - Promote conferences, dialogues, and knowledge exchange platforms
   - Mobilize investments, technical support, and partnerships
   - Integrate D-REGAGRI into school, college, and university curricula
   - Develop marketing strategies, value chains, and branding for local (Raithane) products
   - Improve processing, grading, packaging, and commercialization systems
   - Support appropriate technologies, machinery, and subsidies for regenerative practices
   - Maintain and promote source seeds (eg, Kalanamak rice)

7. **Expanding the Scope of Agriculture**
   - Recognize agriculture as a multifunctional system beyond food production

- Integrate cultural, spiritual, and traditional values into agricultural systems
- Restore and reconnect the core components of D-REGAGRI (CRAFTSWALS)
- Promote agriculture-based health systems (eg, agropathy)
- Translate traditional knowledge into local and global languages
- Promote integrated, transdisciplinary approaches across sectors
- Strengthen governance systems for coordination across stakeholders
- Promote Buddha Agriculture and diversified food systems such as Buddha Thali

## Conclusion

We call upon governments, academic institutions, development partners, research organizations, private sector actors, and farming communities to work collectively in advancing D-REGAGRI.


Together, we commit to transforming agriculture from sustaining degraded systems to regenerating living systems that support ecological integrity, community well-being, and resilience for present and future generations.

## Endorsed by participants of the Regional Conference on Deep Regenerative Agriculture, Lumbini, Nepal, 6–8 April 2026

1. Agriculture Information and Technology Center, Nepal
2. Burma
3. Centre for Crop Development and Agro Bio-diversity Conservation, Nepal
4. Chame Rural Municipality, Manang, Nepal
5. College of Natural Resource Management, Agriculture and Forestry University, Bardibas, Nepal
6. College of Natural Resources, Royal University of Bhutan, Bhutan
7. Veterinary Laboratory, Department of Livestock services, Pokhara, Nepal
8. Department of Plant Resources, Nepal
9. Department of Rural Studies, Tripura University, India
10. Department of Botany, Dinhata College, India
11. Farming community, Lumbini, Mustang and Manang, Nepal
12. Forward Nepal
13. Ground Swells International, Nepal
14. Himalayan College of Agricultural Sciences and Technology, Nepal
15. Institute of Agriculture & Animal Science (IAAS), Nepal
16. ICIMOD, Nepal
17. Kailali Multiple Campus, Nepal
18. Kathmandu University, Nepal
19. Lo-Ghekar Damodarkunda Rural Municipality, Mustang, Nepal
20. Lumbini Buddhist University, Nepal
21. Lumbini Development Trust, Lumbini, Nepal

22. Lumbini International Academy of Science and Technology, Lalitpur, Nepal
23. Madan Bhandari University of Science and Technology, Makawanpur, Nepal
24. Madhesh Agriculture University, Rajbiraj, Nepal
25. Ministry of Agriculture and Livestock Development, Nepal
26. Ministry of Agriculture, Land Management and Cooperative, Gandaki Province, Nepal
27. National Farmers Commission, Nepal
28. National Center for Biological Research, Dadeldhura, Nepal
29. National Food Research Center, NARC, Nepal
30. National Outreach Research Centre, NARC, Nepal
31. National Genebank (NAGRC), NARC, Nepal
32. National Wheat Research Program, NARC, Nepal
33. National Centre for Organic Agriculture (NCOA), Bhutan
34. Nepal Agricultural Research Council, Nepal
35. Nepal Buddhist Federation, Nepal
36. Oxfam, Nepal
37. Paklihawa Campus, IAAS, Nepal
38. Research and Industrial Linkages, Royal University of Bhutan, Bhutan
39. Royal Government of Bhutan, Bhutan
40. Social Work Institute, Nepal
41. Sowa Rigpa Association, Nepal
42. Tribhuvan University, Nepal
43. Varagung Muktishetra Rural Municipality, Mustang, Nepal
44. WHH, Nepal
45. Worldwide Nature Conservation Nepal (WWN), Nepal
46. WWF, Bhutan
47. WWF, India
48. WWF, Nepal





# गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय घोषणापत्र तथा भावी कार्यदिशा

## गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय सम्मेलन

## चैत्र 23 –25, 2082 | लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी, नेपाल

WWN    WWF

With Support From
The Rockefeller Foundation

# गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय घोषणा तथा सिफारिसहरू

गहन पुनरुत्थानशील कृषि (D-REGAGRI) ले दिगो र परम्परागत खाद्य प्रणालीभन्दा माथि रहेर समग्र पारिस्थितिक प्रणालीको पुनःस्थापना र कृषि जैविक विविधताको पुनरुत्थानमा जोड दिन्छ। यसले माटो, पानी, हावा र आनुवंशिक स्रोतहरूको (SWAG) को स्वास्थ्य, विविधता र अन्तरसम्बन्धलाई बढावा दिने काम गर्दछ।यससँगै मानवीय तथा पारिस्थितिकीय सामर्थ्य अभिवृद्धिका लागि संस्कृति, धार्मिक मूल्य, कृषि जैविक विविधता, वनजन्य विविधता, परम्परा, आध्यात्मिकता तथा ज्योतिष, पानी तथा नवीकरणीय ऊर्जा, वायु तथा वातावरण, भूमि र सामाजिक प्रणाली (CRAFTSWALS) को पुन:स्थापना, पुनर्निर्माण र पुनर्जागरण पनि यसको लक्ष्य हो ।

## प्रस्तावना

क) कृषि केवल एक खाद्य प्रणाली मात्र नभई खाद्य, पोषण, स्वास्थ्य, जैविक विविधता, वातावरणीय दिगोपन, संस्कृति, जीविकोपार्जन, सीप र समुदायको कल्याणको आधार हो भन्ने कुरालाई स्वीकार गर्दै;

ख) आधुनिक कृषि प्रणालीले उत्पादन वृद्धि गरे पनि यसले माटोको क्षय, कृषि जैविक विविधताको ह्रास, सामाजिक–सांस्कृतिक सम्बन्धको कमजोरी तथा जलवायु परिवर्तनप्रति बढ्दो संवेदनशीलता निम्त्याएको छ भन्ने कुरालाई स्वीकार गर्दै, जसले द्रुत विकास र त्रिगुणित ग्रहसंकटको सन्दर्भमा रूपान्तरणकारी परिवर्तनको आवश्यकतालाई औंल्याउँदै;

ग) गहन पुनरुत्थानशील कृषिले आधुनिक कृषिको हानि कम गर्ने मात्र नभई पारिस्थितिक प्रणालीको पुनःस्थापना, कृषि जैविक विविधताको पुनरुत्थान, सामुदायिक सामर्थ्य अभिवृद्धि, प्रकृति तथा सांस्कृतिक मूल्यसँग मानवीय व्यवहारको पुनर्योगद्वारा सद्भाव तथा शान्तिको प्रवर्द्धन गर्दछ भन्ने कुरालाई पुष्टि गर्दै;

घ) नेपाल, भारत, भुटान र बर्मा जस्ता क्षेत्रहरू तथा हिमाली भू–परिदृश्यमा शताब्दीऔंदेखि विकसित समृद्ध कृषि जैविक विविधता र परम्परागत ज्ञान प्रणालीले यस रूपान्तरणमा अग्रणी भूमिका खेल्न सक्छ भन्ने कुरालाई जोड दिंदै;

हामी, भुटान, बर्मा, भारत र नेपालबाट सहभागी १२० जना प्रतिनिधिहरू:

क) कृषिले केवल खाद्य उत्पादन मात्र नभई खाद्य, पोषण तथा स्वास्थ्य सुरक्षा, वातावरणीय दिगोपन, सांस्कृतिक अखण्डता, जीविकोपार्जन, विश्वास प्रणाली र समुदायको कल्याणको आधारभूत स्तम्भका रूपमा काम गर्दछ भन्ने कुरालाई स्वीकार गर्दछौं;

ख) कृषि जैविक विविधता सुदृढ कृषि प्रणालीको आधार हो र खाद्य, पोषण, स्वास्थ्य, आर्थिक तथा वातावरणीय सुरक्षाका लागि अत्यावश्यक छ भन्ने कुरालाई पुष्टि गर्दछौं;

ग) घर गोठ तथा खेति स्थलीय संरक्षण,उपयोग मार्फत संरक्षण र समुदायमा आधारित संरक्षण मार्फत कृषि जैविक विविधताको संरक्षण, प्रवर्धन र दिगो उपयोग प्रतिबद्ध छौं

घ) जलवायु अनुकूलित, अनुकूलनीय र पोषण–संवेदनशील कृषि प्रणाली निर्माणमा कृषि जैविक विविधताको निर्णायक भूमिकामा जोड दिन्छौं;

ङ) माटो, पानी, हावा र जैविक विविधता (SWAG) को अखण्डता, विविधता र अन्तरसम्बन्धलाई सुदृढ पार्ने पुनरुत्थानात्मक दृष्टिकोणबाट पारिस्थितिक स्वास्थ्यको पुनःस्थापनाका लागि प्रतिबद्ध छौं;

च) स्थानीय अनुकूलित, प्रकृतिमैत्री कृषि प्रणालीको विकास गर्ने परम्परागत ज्ञान तथा अभ्यास, सांस्कृतिक मूल्य र वैज्ञानिक नवप्रवर्तनको एकीकरणलाई प्रवर्द्धन गर्दछौं ;

छ) किसान, विशेष गरी महिला, युवा र सीमान्तकृत समूहको समान सहभागिता र लाभ सुनिश्चित गर्ने नैतिक, समावेशी र समुदायकेन्द्रित कृषिलाई महत्व दिन्छौं;

ज) किसानको ज्ञान, सीप र आनुवंशिक स्रोतको उपयोगबाट उत्पन्न लाभको निष्पक्ष तथा समान बाँडफाँड सुनिश्चिततामा जोड दिन्छौं;

झ) विविधतायुक्त, एकीकृत र ठाउँबिशेष खेति प्रणालीलाई बढावा दिने जसले अनुकुलन क्षमता पारिस्थितिक उत्पादकत्व र दीर्घकालीन दिगोपन अभिवृद्धि गर्ने गर्दछ

ञ) स्थानीय परम्परा, पारिस्थितिक प्रणाली र सांस्कृतिक सम्पदालाई सम्मान तथा पुनरुत्थान गर्ने प्रकृतिमैत्री र पर्यावरण–अनुकूल कृषि अभ्यासलाई प्रवर्द्धन गर्दछौं;

ट) किसान, अनुसन्धानकर्ता, नीतिनिर्माता, सरकारी निकाय, विकास साझेदार र निजी क्षेत्रबीच सबै तहमा गहन पुनरुत्थानशील कृषिको अग्रसरताका लागि सहकार्य सुदृढ गर्न आह्वान गर्दछौं र युवाको सक्रिय सहभागितालाई प्रोत्साहन गर्दछौं;

ठ) स्थानीय आनुवंशिक स्रोत, किसान–केन्द्रित नवप्रवर्तन र पुनरुत्थानात्मक अभ्यासलाई मान्यता तथा प्रोत्साहन दिने सहयोगी नीति, संस्थागत तथा बजार वातावरणको निर्माणलाई समर्थन गर्दछौं।

## सिफारिसहरू

यो दृष्टिकोणलाई कार्यान्वयन गर्न हामी सामूहिक रूपमा निम्न कार्यहरूमा सहमत छौं:

### १. स्थानीय बिउ प्रणाली तथा संयन्त्र सुदृढीकरण

क) सामुदायिक बिउ प्रणाली, समुदायिक जीन बैंक र फिल्ड जीन बैंक सुदृढ गर्ने

ख) हिमालयन जिन बैंक, हिमालयन कृषि वंशाणू आरक्ष स्थल, प्राकृतिक पर्वतीय बिउ भण्डारण ब्लक, स्कूल फिल्ड जीन बैंक र विकेन्द्रीकृत भण्डारण प्रणाली (समुदाय, स्कूल र अनुसन्धान फार्म) जस्ता दीर्घकालीन संरक्षण सुविधा स्थापना गर्ने

ग) स्व-स्थानीय, पर-स्थानीय, घर-गोठ खेति स्थलीय र संरक्षण प्रजननलाई प्रोत्साहन गर्ने

घ) बाली, पशु, घाँसेबालि, कृषि–किरा, सूक्ष्मजीवाणू र जलीय आनुवंशिक स्रोतलाई एकीकृत गर्ने चक्रिय कृषिलाई प्रवर्द्धन गर्ने

ङ) उपयोगद्वारा संरक्षण र प्रकृतिकेन्द्रित कृषि अभ्यासलाई प्रोत्साहन गर्ने

च) स्थानीय खाद्य प्रणाली, सहनशील मूल्य श्रृङ्खला र पुनरुत्थानात्मक उत्पादनको मूल्य अभिवृद्धिलाई सुदृढ गर्ने

छ) बहु-बस्तु र बहु-परिवार कृषि व्यावसायिक प्रणालीलाई प्रवर्द्धन गर्ने

ज) भौगोलिक संकेत (GI) ट्यागिङ् र संरक्षण सम्बन्धित ब्रान्डिङ सुदृढ गर्ने

झ) प्रजाति बिशेष अनुकूलन रणनीति विकास गर्ने

## २. कृषि जैविक विविधता र नवप्रवर्तन

क) स्थानीय बाली, पशुधन तथा आनुवंशिक स्रोतको संरक्षण, वृद्धि र प्रवर्द्धन गर्ने

ख) सहभागितामूलक प्रजनन, उत्परिवर्तनशिल र फराकिलो आनुवंशिक आधार प्रणालीलाई प्रोत्साहन गर्ने

ग) स्थान–विशिष्ट प्रविधि, "जर्मप्लाज्म" र नवप्रवर्तन विकास तथा विस्तार गर्ने

घ) पारिस्थितिक उत्पादन, पर्यावरण–अनुकूल कृषि र प्रकृति–अनुकूल नवप्रवर्तनलाई प्रोत्साहन गर्ने

ङ) परम्परागत ज्ञान, सांस्कृतिक अभ्यास र स्वदेशी नवप्रवर्तन प्रणाली सुदृढ गर्ने

## ३. अनुसन्धान, शिक्षा र ज्ञान प्रणाली

क) गहन पुनरुत्थानशील कृषिमा अनुसन्धान र शिक्षालाई प्रोत्साहन गर्ने

ख) पुनरुत्थानात्मक अभ्यासलाई समर्थन गर्न वैज्ञानिक तथा स्थलगत प्रमाण प्राप्त गर्ने

ग) विभिन्न समुदायका रैथाने, जलवायु अनुकूलित र पुनरुत्थानात्मक अभ्यासको अभिलेखीकरण गर्ने

घ) स्थानीय भाषामा प्रशिक्षण पाठ्यक्रम, दस्तावेज र ज्ञान सामग्री विकास गर्ने

ङ) गहन पुनरुत्थानशील कृषिलाई शैक्षिक कार्यक्रममा समावेश गर्ने (उदाहरणका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय र अन्य क्षेत्रीय संस्थाहरू)

च) कृषि–पारिस्थितिक प्रणाली, पशुपालन प्रणाली, जैविक विविधता र सम्बन्धित जोखिममा प्रणालीमा आधारित अध्ययन सञ्चालन गर्ने

छ) जलवायु तथा सामाजिक–आर्थिक परिवर्तन (जस्तै युवा पलायन) को कृषि प्रणालीमा प्रभाव मूल्यांकन गर्ने

ज ) कृषि प्रणाली पुनः संरचनामा विज्ञान, प्रविधि र स्वदेशी ज्ञानको एकीकरण गर्ने

## ४. सहयोगी नीति तथा संस्थागत समर्थन

क) राष्ट्रिय तथा क्षेत्रीय नीतिमा गहन पुनरुत्थानशील कृषिलाई समावेश गर्ने

ख) नीतिगत अन्तराल पहिचान गरी स्थानीय आनुवंशिक स्रोत र किसान–केन्द्रित नवप्रवर्तनका लागि सहयोगी ढाँचा विकास गर्ने

ग) स्थानीय बिउ, प्रविधि र उत्पादनका लागि सहयोगी नियमावली प्रवर्द्धन गर्ने

घ) पुनरुत्थानात्मक र स्थानीय उत्पादनका लागि निष्पक्ष बजार पहुँच र मूल्य सुनिश्चित गर्ने

ङ) विभिन्न सरकारी तह, समुदाय र संस्थाहरूबीच समन्वय सुदृढ गर्ने

च) कृषि, पशुपालन र पानी व्यवस्थापन सेवाका लागि सार्वजनिक प्रणालीको क्षमता अभिवृद्धि गर्ने

छ) शैक्षिक तथा अनुसन्धान संस्थालाई ज्ञान केन्द्रका रूपमा स्थापित गर्ने

ज) जलवायु डाटा, रोग अनुगमन र निष्पक्ष व्यापारका लागि नेपाल, तिब्बत र भारतबीच सीमापार सहकार्यलाई प्रोत्साहन गर्ने

झ) उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष बजार सम्बन्ध स्थापना गर्ने (उदाहरणः रैथाने हाट बजार जस्ता स्थानीय किसान बजार)

## ५. प्रकृतिमैत्री र पुनरुत्थानात्मक अभ्यास प्रवर्द्धन

क) कृषि–पारिस्थितिक, पुनरुत्थानात्मक कृषि र एकीकृत कृषि प्रणालीको विस्तार गर्ने

ख) माटो स्वास्थ्य, पानी चक्र, हावा गुणस्तर र जैविक विविधताको पुनर्स्थापना गर्ने

ग) न्यून बाह्य आगत र पर्यावरण–अनुकूल कृषिलाई प्रोत्साहन गर्ने

घ) भूतलीय पारिस्थितिक पुनःस्थापना र प्रवर्द्धन गर्ने

## ६. क्षमता अभिवृद्धि, साझेदारी र क्षेत्रीय सहकार्य

क) किसान, संस्था र अभ्यासकर्ताको क्षमता सुदृढ गर्ने

ख) नेपाल, भारत, भुटान र त्यसभन्दा बाहिर क्षेत्रीय सहकार्यलाई प्रवर्द्धन गर्ने

ग) सम्मेलन, संवाद र ज्ञान आदान–प्रदान मञ्चलाई प्रोत्साहन गर्ने

घ) लगानी, प्राविधिक सहयोग र साझेदारी जुटाउने

ङ) स्कूल, कलेज र विश्वविद्यालय पाठ्यक्रममा गहन पुनरुत्थानशील कृषिलाई समावेश गर्ने

च) स्थानीय (रैथाने) उत्पादनका लागि बजार रणनीति, मूल्य शृङ्खला र ब्रान्डिङ विकास गर्ने

छ) प्रशोधन, ग्रेडिङ, प्याकेजिङ र व्यावसायीकरण प्रणाली सुधार गर्ने

ज) पुनरुत्थानात्मक अभ्यासका लागि उपयुक्त प्रविधि, मेसिनरी र अनुदान उपलब्ध गराउने

झ) स्रोत बिउ (जस्तै कलानमक धान) को संरक्षण र प्रवर्द्धन गर्ने

## ७. कृषिको क्षेत्र विस्तार

क) कृषिलाई खाद्य उत्पादनभन्दा परको बहुकार्यात्मक प्रणालीका रूपमा मान्यता दिने

ख) कृषि प्रणालीमा सांस्कृतिक, आध्यात्मिक र परम्परागत मूल्यको एकीकरण गर्ने

ग) गहन पुनरुत्थानशील कृषिका मूल सम्भाक (CRAFTSWALS) को पुनर्स्थापना र पुनःजोड दिने

घ) कृषि–आधारित स्वास्थ्य प्रणाली (जस्तै एग्रोप्याथी) लाई प्रोत्साहन गर्ने

ङ) परम्परागत ज्ञानलाई स्थानीय र विश्व भाषामा अनुवाद गर्ने

च) क्षेत्र–अन्तर्गत अन्तरविषयक दृष्टिकोण सुदृढ गर्ने

छ) सरोकारवालाबीच समन्वयका लागि सुशासन प्रणाली सुदृढ गर्ने

ज) बुद्ध कृषि र विविधीकरण खाद्य प्रणाली (जस्तै बुद्ध थाली) लाई प्रवर्द्धन गर्ने

## निष्कर्ष

हामी सरकार, शैक्षिक संस्था, विकास साझेदार, अनुसन्धान संस्था, निजी क्षेत्र र कृषक समुदायलाई गहन पुनरुत्थानशील कृषिलाई अघि बढाउन सामूहिक रूपमा काम गर्न आह्वान गर्दछौं।साथै, पारिस्थितिक अखण्डता, समुदायको कल्याण र वर्तमान तथा भावी पुस्ताका लागि सामर्थ्य सुनिश्चित गर्नका लागि कृषिलाई क्षतिग्रस्त प्रणालीको दिगोपनभन्दा जीवन्त प्रणालीको पुनरुत्थानतर्फ रूपान्तरण गर्न प्रतिबद्ध छौं ।

## नेपालको लुम्बिनीमा आयोजित गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय सम्मेलनका सहभागीहरूबाट अनुमोदित (चैत्र २३-२५, लुम्बिनी)

१. कृषि सूचना तथा प्रविधि केन्द्र, नेपाल
२. बर्मा
३. बाली विकास तथा कृषि जैव विविधता संरक्षण केन्द्र, नेपाल
४. चामे गाउँपालिका, मनाङ, नेपाल
५. प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कृषि तथा वन विज्ञान विश्वविद्यालय, बर्दिबास, नेपाल
६. प्राकृतिक स्रोत कलेज, रोयल युनिभर्सिटी अफ भुटान, भुटान
७. पशु चिकित्सा प्रयोगशाला, पशु सेवा विभाग, पोखरा, नेपाल
८. वनस्पति स्रोत विभाग, नेपाल
९. ग्रामीण अध्ययन विभाग, त्रिपुरा विश्वविद्यालय, भारत
१०. वनस्पति विज्ञान विभाग, दिनहाटा कलेज, भारत
११. कृषक समुदाय, लुम्बिनी, मुस्ताङ र मनाङ, नेपाल
१२. फर्वार्ड नेपाल
१३. ग्राउन्ड स्वेल्स इन्टरनेशनल, नेपाल
१४. हिमालयन कृषि विज्ञान तथा प्रविधि कलेज, नेपाल
१५. कृषि तथा पशु विज्ञान संस्थान, नेपाल
१६. ईसिमोड, नेपाल
१७. कैलाली बहुमुखी क्याम्पस, नेपाल
१८. काठमाडौं विश्वविद्यालय, नेपाल
१९. लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ, नेपाल
२०. लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल
२१. लुम्बिनी विकास कोष, लुम्बिनी, नेपाल

२२. लुम्बिनी अन्तर्राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान, ललितपुर, नेपाल
२३. मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, मकवानपुर, नेपाल
२४. मधेश कृषि विश्वविद्यालय, राजविराज, नेपाल
२५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल
२६. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, नेपाल
२७. राष्ट्रिय किसान आयोग, नेपाल
२८. राष्ट्रिय जैविक अनुसन्धान केन्द्र, डडेल्धुरा, नेपाल
२९. राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, नार्क, नेपाल
३०. राष्ट्रिय आउटरिच अनुसन्धान केन्द्र, नार्क , नेपाल
३१. राष्ट्रिय जीनबैंक, नार्क , नेपाल
३२. राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम, नार्क, नेपाल
३३. राष्ट्रिय जैविक कृषि केन्द्र , भुटान
३४. नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल
३५. नेपाल बौद्ध महासंघ, नेपाल
३६. अक्सफाम, नेपाल
३७. पक्लिहवा क्याम्पस, आईएएएस, नेपाल
३८. अनुसन्धान र औद्योगिक सम्बन्ध, रोयल युनिभर्सिटी अफ भुटान, भुटान
३९. भुटानको शाही सरकार, भुटान
४०. सामाजिक कार्य संस्थान, नेपाल
४१. सोवा रिग्पा संघ, नेपाल
४२. त्रिभुवन विश्वविद्यालय, नेपाल
४३. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ, नेपाल
४४. डब्लु.एच.एच. (WHH), नेपाल
४५. विश्वो प्रकृति संरक्षण , नेपाल
४६. विश्व वन्यजन्तु कोष नेपाल, भुटान
४७. विश्व वन्यजन्तु कोष नेपाल, भारत
४८. विश्व वन्यजन्तु कोष नेपाल, नेपाल

